सामुदायिक वनको काठ,दाउरा संकलन तथा बिक्री बितरण निर्देशिका, २०७१ को अनुसूची १६अनुसारको फारम

# श्री त्रिवेणी सामुदायिक वन उपभोक्ता समूह,

## मिक्लाजुङ्ग गा.पा.-४(साविक टाँडी-४),मोरङ ।

(पान नं.६०१५७१३९६)

(प्रमाणित गर्ने)
अध्यक्ष

### बिषय :- काठ/दाउरा शिलवन्दी बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना ।

प्रथम पटक सूचना प्रकाशन मिति :- २०७५/०२/१०

यस समुहले आ.ब.२०७४।०७५ मा स्वीकृत सामुदायिक वन कार्ययोजना अनुसार बार्षिक स्वीकार्य कटानको परिधिभित्र रही जिल्ला वन कार्यालयबाट मोरंगको सहमति अनुसार समुहले संकलन गरि समुहको घाटगद्धीमा सुरक्षित गरेका निम्न जात,थान,परिमाणको गोलिया काठ/दाउरा यस समूहको कार्यसमितिबाट मिति २०७४/१२/०२ को निर्णय अनुसार जिल्ला वन कार्यालय मोरंगको च.नं.५३२१ मिति २०७५/०२/०९ को पत्रवाट समूह बाहिर बिकि वितरण गर्न सहमति भए बमोजिम जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी गोप्य शिलवन्दी बोलपत्र प्रकृयावाट लिलाम विक्री गर्नु पर्ने भएकोले समूहको बैठकबाट कायम भएको न्यूनतम मूल्यलाई आधारमानी यो सूचना प्रकाशित गरिएको छ । दर्तावाला काठ सम्वन्धि/ब्यवसायी/फर्महरुले मात्र यो सूचना राजधानी राष्ट्रिय दैनिक पत्रिकामा मिति २०७५/०२/१०मा प्रथम पटक प्रकाशित भएको मितिले २१औं दिनको कार्यालय समय भित्र बोलपत्र खरिद गरि २२ औं दिनको दिउँसो १:०० वजे सम्म गोप्य शिलबन्दी बोलपत्र दाखिला गर्न यो सूचना आव्हान गरिएको छ । साथै बोलपत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्नगएमा सोको भोली पल्ट मान्य हुने व्यहोरा समेत जानकारीको लागी अनुरोध छ ।

तपसिलः

(१) वन पैदावारको विवरण :- संलग्न लगत तालिका बमोजिम ।

(२) बोलपत्र खरिद गर्नु पर्ने अन्तिम मिति र समय :-

(क) अन्तिम मिति :- २०७५/०२/३०

(ख) समय : दिनको ५ :०० बजे सम्म ।

(३) बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति, समय र दाखिला गर्ने स्थान :-

(क) अन्तिम मिति : - २०७५/०२/३१

(ख) समय दिउँसो १:०० बजे सम्म ।

(ग) दाखिला गर्ने स्थान :- पू.क्षे.व.नि.बिराटनगर /त्रिवेणी सा.व.उ.स.को कार्यालय, मिक्लाजुङ्ग गा.पा.-४ , टाँडी मोरङ ।

(४) बोलपत्र सम्बन्धित सामुदायिक वन उपभोक्ता समुह, पू.क्षे.व.नि.बिराटनगर ,जिल्ला प्रशासन कार्यालय मोरङ, जिल्ला वन कार्यालय मोरंग वाट सूचना प्रकाशित भएको मिति देखि मिति २०७५/०२/३० गते दिनको ५:०० बजे सम्म खरिद गरी सूचना प्रकाशित भएको मिति देखि मिति २०७५/०२/३१ गते दिउँसो १:०० वजे सम्म पू.क्षे.व.नि.बिराटनगर र सम्वन्धित समूहको कार्यालयमा दाखिला गर्नु पर्ने छ ।

(५) बोलपत्र साथ कवोल गरेको रकमको १०% प्रतिशतले हुन आउने रकम सामुदायिक वन उपभोक्ता समुहको रा.वा.बैंक उर्लावारी शाखा, च.हि.नं. २६०००१७४७०१ मा नगद जम्मा गरेको सक्कल भौचर/ बैंक ग्यारेन्टी समावेश गर्नु पर्नेछ ।

(६) बोलपत्र फारम नियमानुसार रु. ३००/- ; १०००/- (पछि फिर्ता नहुने गरी) तिरी यस सा.ब.उ.स.मिक्लाजुङ्ग / पू.क्षे.व.नि.बिराटनगर/ जिल्ला वन कार्यालय मोरङ/ जिल्ला प्रशासन कार्यालय मोरङबाट खरिद गर्न सकिनेछ र सो को लागि बोलपत्र फारम खरिद बापत लाग्ने रकम सम्वन्धित सा.ब.उ.स.को खातामा दाखिला गरेको बैक भौचर/नगदी रसिद साथै राखेर पेश गर्नुपर्ने छ ।

(७) लिलाम बढाबढ हुने वन पैदावार सामुदायिक वन उपभोक्ता समुहको घाटगद्दी स्थलमा गई हेर्न सकिने छ। साथै काठ,दाउरा जे-जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नुपर्ने छ ।

(८) लिलाममा भाग लिने दर्तावाला काठ सम्वन्धि उद्योग/ब्यवसायी/ फर्मका प्रोपराईटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, कर दर्ता प्रमाणपत्रको प्रतिलिपी , मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी वा स्थायी लेखा नम्वर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि बोलपत्र खरिद गर्दा निवेदनसाथ र बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

(९) निर्धारित गरिएको न्यूनतम संख्याका / रीतपूर्वक पू.क्षे.व.नि.बिराटनगर र समूहमा दर्ता भएका बोलपत्रहरु संकलन गरी सम्वन्धित सा.व.उ.समुहको कार्यालयमा मिति २०७५/०३/०१ मा दिउँसा १२:०० बजे स्थानिय बिभिन्न कार्यालय तथा संघ,संस्थाको साथै ब्यवसायी प्रतिनिधीहरुको रोहवरमा खोलिने छ ।

(१०) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० दिन भित्र सकार गरेको रकम समूहमा दाखिला गर्नुपर्ने छ तथा जि.व.का.वाट लिलाम बिकी समर्थन भए पश्चात नियमानुसारको मूल्य अभिबृद्धि कर १३% समेत बुझाई लिलाम बिक्रीमा चढाएको वन पैदावार बाँकी प्रकृया पुरागरि तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

(११) बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुबैमा लेख्नु पर्छ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिईनेछ ।

(१२) बोलपत्र मान्य नहुने अवस्था र अन्य आवश्यक कुराहरु समुहको निर्णय अनुसार हुनेछ ।

(१३) समुहले स्वीकृत गरेको बोलपत्रलाई समर्थन गर्ने अन्तिम निर्णय जिल्ला वन कार्यालय मोरङको हुनेछ ।

(१४) संकलन खर्च न्यूनतम मुल्यमा समावेश गरिएको छ ।

श्री त्रिवेणी सामुदायिक वन उपभोक्ता समूह मिक्लाजुङ-४, मोरङ

(प्रमाणित गर्ने)

अध्यक्ष

श्री त्रिवेणी सामुदायिक वन उपभोक्ता समूह, मिक्लाजुङ्ग गा.पा.४,मोरङ

**वन पैदावारको विवरण तालिका :-** आ.व.२०७४/०७५

| लट नं. | जात | ग्रेड | थान | परिमाण क्यू.फी. | न्यूनतम मूल्य संकलन खर्च सहित प्रति क्यू.फी./चट्टा रु. | जम्मा न्यूनतम मूल्य रु. |
|---|---|---|---|---|---|---|
| १/०७४-७५ | साल | A | ४ | ४८.९३ | १७५१ | ८५६७६.४३ |
| | | B | ११ | १३८.०५ | ११५१ | १५८८९५.५५ |
| | | C | ९ | ५७.११ | ७५१ | ४२८८९.६१ |
| | कर्मा | A | १ | १४.५९ | ७५१ | १०९५७.०९ |
| | | B | ८ | ६७.९६ | ५५१ | ३७४४५.९६ |
| | जामुन | A | १ | १०.३४ | ७५१ | ७७६५.३४ |
| | | B | ७ | ४५.४९ | ५५१ | २५०६४.९९ |
| | लटहर | - | ६ | १३६.६३ | २२५ | ३०७४१.७५ |
| | बो.ध. | - | ११ | ३५.३८ | ३२५ | ११४९८.५० |
| | बर्रो | - | १ | १०.९४ | ३२५ | ३५५५.५० |
| | **जम्मा-** | | **५९** | **५६५.४२** | **–** | **४१४,४९०/७२** |
| २/०७४-७५ | साल | A | ५ | ९१.४४ | १७५१ | १६०१११.४४ |
| | | B | ९ | ९४.०२ | ११५१ | १०८२१७.०२ |
| | | C | ५ | ३२.४८ | ७५१ | २४३९२.४८ |
| | कर्मा | B | २८ | १४१.६२ | ५५१ | ७८०३२.६२ |
| | टुनी | A | ४ | ४४.०२ | ४५१ | १९८५३.०२ |
| | | B | ४ | ३१.९ | २५१ | ८००६.९० |
| | कदम | - | ८ | ७४.६७ | २२५ | १६८००.७५ |
| | बो.ध. | - | २ | ९.१६ | ३२५ | २९७७.०० |
| | **जम्मा-** | | **६५** | **५१९.३१** | | **४१८,३९१/२३** |
| ४/०७४-७५ | साल जातको २०'×५'×५'साईजको दाउरा चट्टा | | | ०.७५ | ३५००० | २६२५०.०० |
| | अन्य बिभिन्न जातको २०'×५'×५'साईजको दाउरा चट्टा | | | १.०० | २५००० | २५०००.०० |
| | **जम्मा-** | | | **१.७५** | | **५१,२५०/-** |

ईति सम्वत २०७५ साल जेष्ठ महिना १० गते रोज ०५ मा शुभम् ------------------------